# अन्नपूर्ण

पोस

शनिबा


को अवधारणा
र टंकप्रसादको
मा बनेको थियो।
फुर्सद क



हिलारीका प्रशंसक संसारभरि नै थिए, अझै छन् तर सबै नन्-भोटर।
फुर्सद ग

सौगात मल्ल अभिनीत नयाँ चलचित्र 'शब्द' रिलिज तयारीमा।


र्ष १५, अंक २०१, पृष्ठ १२+८ | काठमाडौं, शनिबार ११ मंसिर २०७३ | मार्ग कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११३७ | SATURDAY, NOVEMBER 26, 2016





रजेन्द्र केसी

काठमाडौंको कालीमाटीस्थित पाँचतारे होटेल सोल्टीले पर्यटनमा गुणस्तरीय सेवा प्रवाह गर्दै ५० वर्ष पार गरेको अवसरमा शुक्रबार चेयरम्यान इमिरेट्स प्रभाकरशमशेर राणालाई स्वर्ण महोत्सव चिनो प्रदान गर्दै सोल्टी होटेल सञ्चालक समितिका अध्यक्ष दिनेशबहादुर बिष्ट। साथमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष चन्द्र रिजाल। (समाचार र थप तस्बिर पृष्ठ ८)

# अर्थतन्त्र

## सोल्टी होटेलले मनायो स्वर्ण जयन्ती

अन्नपूर्ण
काठमाडौं

काठमाडौंको कालिमाटीस्थित पाँचतारे होटेल सोल्टीले पर्यटनमा गुणस्तरीय सेवा प्रवाह गर्दै ५० वर्ष पार गरेको छ। २०२२ साल मंसिर १० गते स्थापना भएको होटेल सोल्टीले ५० औं वर्षगाँठ भव्यताका साथ मनाएको छ।

नेपालमा गुणस्तरीय पर्यटन सेवा सुरु गरेको होटेल सोल्टीले सेवाकै माध्यमबाट आफ्नो ब्रान्डलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पुर्‍याउन सफल भएको होटेल सोल्टी क्राउन प्लाजाका संस्थापक अध्यक्ष प्रभाकरसम्सेर राणाले बताए।

उनका अनुसार होटेल क्षेत्रमा पहिलो पाइला चालेको सोल्टीले पछिल्लो समय सेवालाई विस्तार गर्दै एयरलाइन्स क्याटरिङ हुँदै विस्तारित शाखा नेपालगन्ज र पोखरासम्म पुर्‍याएको छ। होटेलको पहिलो शाखा नेपालगन्ज र दोस्रो पोखरामा हुने राणाले उल्लेख गरे। सोल्टी होटेललाई उत्कृष्ट कर्पोरेट संस्थाको रूपमा उभ्याउन सफल भएकोमा राणाले खुसीसमेत व्यक्त गरे।

सोल्टी होटेलले स्थापनाको आधा सताब्दी पार गरेको अवसरमा काठमाडौं बाहिर नेपालगन्ज र पोखरामा दुई वटा चारतारे होटेल सञ्चालन गर्ने भएको छ। आफ्नो ब्रान्डलाई प्रवर्द्धन गर्दै सोल्टी होटेलले काठमाडौं बाहिर पनि सोल्टी क्राउन प्लाजाकै ब्रान्डमा होटेल सञ्चालन गर्ने राणाको भनाइ छ।

सोल्टी होटेलको ५० औं वर्षगाँठ समारोहणमा राणाले होटेलले राम्रो ब्रान्ड र सेवा प्रदान गर्न सफल भएकोमा नेपालको पर्यटन उद्योगकै लागि गर्वको विषय भएको धारण राखेका थिए।




अन्नपूर्ण

सेवाको ५० वर्ष पुगेको अबसरमा शुक्रबार सोल्टी होटेलमा आयोजित कार्यक्रमका सहभागी।

नेपालको पर्यटन क्षेत्रमा उच्च स्तरको सेवा दिन सफल सोल्टीको ब्रान्डलाई समग्र होटेल क्षेत्रले नै गर्वको रूपमा लिएको होटल संघ (हान)का अध्यक्ष अमरमान शाक्यले बताए। काठमाडौंमा रहेको अन्य सात होटेलको तुलनामा सोल्टी नै पायोनियर भएको पनि शाक्यको बुझाइ छ। नेपालमा पछिल्लो समय १२ सय पर्यटकीय होटेलमा २३ हजार कोठा थप गरी ३७ हजार बेड क्षमता विस्तार हुन लागेको हानको भनाइ छ। पर्यटन सेवाका लागि होटेल क्षेत्रले दिएको योगदानको कदर निकै सराहनीय रहेको शाक्यको बुझाइ छ।

कार्यक्रममा प्यासिफिक एसिया ट्राभल एसोसिएसन नेपालका अध्यक्ष सुमन पाण्डेले सोल्टी होटेलले आतिथ्य सत्कारमा पुर्‍याएको योगदानको चर्चा गरे। ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष चन्द रिजालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सामान्य नागरिकदेखि राज्यका उच्च पदस्थ व्यक्तिसम्मले सोल्टी होटेल ब्रान्डले पुर्‍याएको सेवाको चर्चा गर्ने बताए। दक्षिण एसियाका होटेल प्रमुख शिव शान्यदेले होटेल क्षेत्रको ग्लोबल सिनारियो बढ्दै गएको विषयमा प्रस्तुती दिएका थिए।

> होटेल क्षेत्रमा पहिलो पाइला चालेको सोल्टीले पछिल्लो समय सेवा विस्तार गर्दै यसका शाखा नेपालगञ्ज र पोखरासम्म पुर्‍याएको छ।

कार्यक्रममा सोल्टी होटेल सञ्चालक समितिका अध्यक्ष दिनेशबहादुर विष्टले २२ सालमा नै दुरगामी परिकल्पना गरेर होटेल स्थापना भएको बताए। उनले निजी क्षेत्रको सहभागितामा नेपालमा आउने पाहुँनाको स्वागत सत्कार निकै प्रभावकारी भएको बताए। कर्पोरेट क्षेत्रमा स्थापित नाम तथा ब्रान्ड सोल्टीले सेवाका ५० वर्ष पुरा गरी गुणस्तरीयता कायम गर्न सफल भएकोमा पर्यटन व्यवसायका लागि महत्वपूर्ण योगदान भएको विष्टले उल्लेख गरे।

आर्थिक अभियान राष्ट्रिय दैनिक

८ | आइतवार, १२ मङ्सिर २०७३ (Sunday, November 27, 2016)

# बजार




सोल्टी होटलले ५० वर्ष पूरा गरेको अवसरमा शुक्रवार आयोजित स्वर्ण जयन्ती महोत्सवमा होटलका संस्थापक अध्यक्ष प्रभाकर शमशेर राणालाई स्वर्ण महोत्सव चिनो प्रदान गर्दै सञ्चालक समितिका अध्यक्ष दिनेशबहादुर विष्ट (दायाँ)। स्वर्ण महोत्सवका अवसरमा होटलले पर्यटन प्रवर्द्धनका विभिन्न योजना तथा आफ्ना भावी योजनाबारे प्रकाश पारेको थियो। होटल २०२२ मङ्सिर १० गते स्थापना भएको हो।

तस्वीर : आर्थिक अभियान

the kathmandu post
money
economy
kathmandupost.ekantipur.com
Saturday, November 26, 2016 | the kath

**CROSS CURRENCY**

| | USD | EUR | JPY | GBP |
|---|---|---|---|---|
| NR | 109.7700 | 116.3300 | 9.7100 | 136.6900 |
| INR | 68.4599 | 72.6750 | 0.6063 | 85.1500 |
| GBP | 0.8043 | 0.8538 | 0.0071 | |
| JPY | 112.7900 | 119.8200 | | 140.8451 |
| EUR | 0.9420 | | 0.0083 | 1.1712 |
| USD | | 1.0616 | 0.0089 | 1.2433 |

**HOW TO READ THE TABLE**
The chart shows the rates of nine world currencies. Move acr
currencies. One unit of the currency mentioned vertically is v

rency ban after mounting criticism | Page II Indian PM Narendra Modi hit back Friday at the high-denomination bank notes from circulation, describ

# Soaltee opened its doors to guests 50 years ago

**POST REPORT**
KATHMANDU, NOV 25




■ Prabhakar SJB Rana, chairman emeritus and Dinesh Bahadur Bista, executive chairman of the Soaltee Crowne Plaza unveil the Golden Jubilee Souvenir to mark the celebration in Kathmandu on Friday. POST PHOTO: KESHAV THAPA

The Soaltee Crowne Plaza celebrated its golden jubilee on Friday by announcing the launch of two new ventures outside Kathmandu. Nepal's hospitality industry has suffered myriad problems in the long years since the landmark property threw open its doors in 1966.

"It's our corporate culture that had a positive impact on the company's growth," said Prabhakar SJB Rana, chairman emeritus of the Soaltee Crowne Plaza, in an address to the celebration event.

"The first approach we took is the corporate culture. And we continue to maintain transparency. That's why the Soaltee Hotel is one of the most transparent companies in Nepal," he said. "After completing a half century of operations in Kathmandu, we are now moving outside the Capital."

The Soaltee is expanding its portfolio with a four-star property in Nepalgunj, its first hotel outside Kathmandu. "And Pokhara will be our next venture," said Rana.

The four-star property located in western Nepal's commercial and travel hub is scheduled for a soft launch by mid-2017.

Costing Rs550 million, the new property will bear the brand name Soaltee and offer 81 guest rooms. The new property incorporates a separate unit for vocational training related to the hospitality business, spa facility, swimming pool and banquet facilities for 250 people. The Soaltee has had a very interesting journey. It was founded in 1966 by the late prince Himalaya Bikram Shah and the late princess Princep Rajya Laxmi. The 104-room posh property was inaugurated by the late king Mahendra.

In 1969, the hotel was converted into a private limited company and India's Oberoi Hotels, with a capital share investment, was entrusted with its operational management under the brand name Hotel Soaltee Oberoi.

In 1975, the company was converted into a public limited company with an investment by Soaltee Enterprises, Nepal Industrial Development Corporation, International Finance Corporation, Oberoi Hotels, Nepal Airlines Corporation and the public. It constructed an additional 180 rooms named the Himalaya Wing Block in 1981.

In 1987, it hosted the delegates to the Third Saarc Summit. In 1994, it was renamed as the Soaltee Holiday Inn Crowne Plaza Kathmandu under the management of Holiday Inns China Limited, a fully-owned subsidiary of the world famous InterContinental Group.

Again in 1998, it was rebranded as the Soaltee Crowne Plaza Kathmandu. In 2011, Oberoi Hotels sold its entire stake in the hotel to a Nepali company Sibkrim Land and Industrial Company, a member of the NE Group.

"The Kathmandu Valley is on course to add 4,000 hotel rooms by 2020, with a number of five- and four-star properties currently under construction," said Amar Man Shakya, president of Hotel Association Nepal.

"A number of popular global hotel brands are entering the Nepali market and this reflects a bright side in the hospitality sector."

He, however, said that the industry faced a huge challenge increasing tourist numbers. "Obviously, we need to focus on the Chinese and Indian markets to boost arrivals."

# Business

THE HIMALAYAN TIMES, SATURDAY, NOVEMBER 26, 2016

· BIZ BRIEFS



THT

## Soaltee's golden jubilee celebration

KATHMANDU: Soaltee Hotel completed 50 glorious years of successful operation on Friday. For this momentous occasion, the hotel management invited industry stalwarts from the trade sector who have supported the growth of tourism in the country as chief guests in the ceremony. The four chief guests were Amar Man Shakya, president of Hotel Association Nepal (HAN), Chandra Prasad Rijal, president of Trekking Agencies' Association of Nepal (TAAN), D K Sharma, vice president of Nepal Association of Tour and Travel Agents (NATTA) representing Madhusudan Acharya, president of NATTA and Suman Pandey, president of PATA Nepal Chapter. The formal inauguration day of the golden jubilee celebration had several distinguished guests from government authorities, ambassadors, corporate customers, travel partners, and other guests who patronise the hotel. — HNS

कमाण्डर पोष्ट

# सोल्टी होटलको ५० औं वार्षिकोत्सव



**काठमाडौं, (कस)** । सोल्टी होटलले आफ्नो स्थापनाको ५० औं वार्षिकोत्सव मनाएको छ । होटलले शुक्रबार विशेष कार्यक्रम गरी स्थापनाको ५० औं वार्षिकोत्सव मनाएको हो ।

नेपालमा पर्यटन प्रवर्द्धनका लागि अग्रणी भूमिका निर्वाह गर्न सफल होटलले विशिष्ट पाहुनाका लागि उत्कृष्ट सेवा दिँदै आएको जनाएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै होटलका कार्यकारी अध्यक्ष दिनेशबहादुर विष्टले मुलुकमा पर्यटन व्यवसायको उज्वल र समुन्नत विकासको परिकल्पना गर्दै विशिष्ट पाहुनाको सेवामा समर्पित भएको बताए ।

उनले निजी क्षेत्रसँगको सहकार्यमा स्थापना भएको होटलले स्वदेशमै रोजगारीको अवसर पनि सिर्जना गरेको दाबी गरे । ०२२ मंसिर १० मा सयवटा कोठाबाट सेवा सुरु गरेको होटल सोल्टी अहिले पाँचतारे होटलको रूपमा स्थापित भइसकेको छ । विशिष्ट श्रेणीका विदेशी पाहुनाको मुख्य रोजाइ पर्ने होटल सोल्टीले अन्तर्राष्ट्रिय स्तरको हस्पिटालिटी प्रदान गर्दै आएको छ ।



नयाँ आर्थिक

शनिबार ११ मंसिर ०७३, www.enayapatrika.com

।९०८३.९८ ▲ ५९.३१ (0.३१%) | निकेई २२५ : १८३८१.२२ ▲ ४७.८१ (0.२६) | बिएसई सेन्सेक्सः २६३१६.३४ ▼ ४५६.१७ (१.७६%) | हाङ्सेङ : २२७२३.४५ ▼ १४४.९६ (0.५१%) | स्पट


# सोल्टीले मनायो स्वर्ण महोत्सव

## निकट भविष्यमा पहिलो शाखा नेपालगन्ज र दोस्रो पोखरामा विस्तार गर्ने सोल्टीको योजना

नयाँ पत्रिका
काठमाडौं, १० मंसिर

निजी लगानीमा सञ्चालित पाँचतारे होटेल सोल्टीले स्थापनाको स्वर्ण महोत्सव मनाएको छ। १० मंसिर ०२२ मा स्थापना भएको होटेलले शुक्रबार औपचारिक कार्यक्रम गरी महोत्सव मनाएको हो।

नेपालमा पर्यटन सेवाको ब्रान्डलाई स्थापित गराउन सोल्टी होटेल सफल भएको सोल्टी क्राउन प्लाजाका प्रेसिडेन्ट इमिरेट्स प्रभाकर शमशेर राणाले बताए। नेपालमा व्यावसायिक आतिथ्य सेवाको अग्रणी कम्पनी सोल्टीले निकट भविष्यमा पहिलो शाखाका रूपमा नेपालगन्ज र दोस्रो शाखा पोखरामा विस्तार गर्न लागेको राणाले जानकारी दिए।

पर्यटनको जग बस्दै गरेको तत्कालीन अवस्थ[illegible]लुकको आवश्यकता पूरा गर्न सोल्टी होटेल स्थापना भएको होटेलका कार्यकारी अध्यक्ष दिनेश विष्टले बताए। विगतदेखि वर्तमानसम्मका सबै कर्मचारीको योगदानकै कारण सोल्टीले निरन्तर सफलता प्राप्त गर्न सफल भएको उनको भनाइ छ।

### हानको स्वागत

नेपालमा विगत आधा शताब्दीदेखि उच्चस्तरीय सेवा दिन सफल सोल्टीको योगदान गर्व गर्न लायक रहेको होटेल संघ नेपाल (हान)का अध्यक्ष अमरमान शाक्यले बताए। सन् २०१६ नेपाली होटेल र पर्यटन क्षेत्रका लागि महत्वपूर्ण रहेको उनको भनाइ छ। उनका अनुसार सन् १९६६ मा हानसहित अन्य ७ होटेल स्थापना भएका थिए। नेपालको पर्यटन र होटेल उद्योगमार्फत गरेको योगदानका लागि उनले सोल्टीका प्रेसिडेन्ट इमिरेट्स प्रभाकर शमशेर राणाको प्रशंसा गरेका थिए।




### सरोकारवालाको प्रशंसा

कार्यक्रममा प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरका अध्यक्ष सुमन पाण्डेले पर्यटन र होटेलमा सोल्टीको योगदान प्रशंसायोग्य भएको बताए। ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष चन्द्र रिजालले सोल्टीको सफलता वर्तमान पुस्ताका लागि पनि प्रेरणादायक भएको उल्लेख गरे। नयाँ पुस्ता नजन्मिएको अवस्थामै नेपालमा संस्थागत आतिथ्य सेवा प्रारम्भ गरेको सोल्टीले दुर्गम स्थानमा सेवा विस्तार गर्दै पर्यटनमा योगदान गर्न सक्ने उनको भनाइ छ।

### पारदर्शी सेवा सफलताको सूत्र

■ प्रभाकरशमशेर राणा
प्रेसिडेन्ट इमिरेट्स, सोल्टी क्राउन प्लाजा



उत्पादन र सेवामूलक उद्योगले नेपालको दिगो आर्थिक विकासमा योगदान पुऱ्याउँछ। हामीले त्यसवेला होटेल सञ्चालन सुरु गरेका थियौँ, जतिवेला पर्यटन व्यवसाय भर्खरै प्रारम्भ हुँदै थियो। सोल्टीले नेपालको होटेल र पर्यटन क्षेत्रको विकासमा उल्लेख्य सेवा पुऱ्याएको छ। सोल्टी होटेल एउटा पारदर्शी कम्पनी हो। र यो हाम्रो सफलताको सुत्र पनि हो। हामीले आमनागरिकदेखि राज्यका विभिन्न निकायको विश्वास जित्न सक्ने कारण नै पारदर्शी व्यवसाय हो। सोल्टी होटेलको कर्पोरेट कल्चर सबैका लागि एउटा उदाहरणीय अभ्यास बन्न सक्छ। सोल्टीले निकट भविष्यमा नेपालगन्जमा सेवा विस्तार गर्दै छ। यो नेपालको पहिलो शाखा हुनेछ। दोस्रो शाखाका रूपमा पोखरामा पनि रिसोर्ट निर्माणको योजना बनिसकेको छ।

हिमालय टाइम्स

# अर्थ वाणिज्य

सुन छापावाल ५४,२००/- (प्रतितोला)

सुन तेजाबी ५३,९५०/- (प्रतितोला)

चाँदी असली ७७५/- (प्रतितोला)

८ २०७३ मंसिर ११, शनिबार | Saturday, 26 November, 2016

www.ehimalayatimes.com

## सोल्टी होटल ५१ औं वर्षमा

हिमालय टाइम्स — काठमाडौं । होटल सोल्टीले स्थापनाको ५० वर्ष पूरा गरी ५१ औं वर्षमा प्रवेश गरेको छ । ५१ औं वर्षमा प्रवेश गरेको अवसरमा शुक्रबार आयोजित कार्यक्रममा सोल्टीका संस्थापक अध्यक्ष प्रभाकर समशेर राणाले नेपालमा पायनियर होटलका रूपमा सेवा दिन सफल सोल्टीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्राण्डलाई पनि त्यतिकै रूपमा सफल बनाएको दाबी गरे । सोल्टीले नेपालको पर्यटन सेवामा सुरु गरेको गुणस्तरीय पर्यटन सेवाको ब्राण्ड नै आजसम्मको सफलता भएको उनको भनाइ छ । उनले सञ्चालनको तयारीमा रहेको नेपालगञ्ज र निर्माणाधिन पोखरासम्मको शाखा पनि सोल्टीकै ब्राण्ड भएको बताए । सोल्टी होटल १९६६ नोभेम्बर २५ मा स्थापना भएको थियो । विसं २०२२ सालमा नै दूरगामी परिकल्पना गरेर होटल स्थापना गर्न सक्नुले नै आधा शताब्दीको यात्रा पार भएको सोल्टीका सञ्चालक समिति अध्यक्ष दिनेशबहादुर विष्टले बताए । होटल संघ नेपाल (हान) का अध्यक्ष अमरमान शाक्यले नेपालको पर्यटनमा उच्चस्तरको पर्यटकीय सेवा दिन सोल्टी सफल भएको बताए । उनले पछिल्लो समय होटल क्षेत्रमा मात्रै १२ सयवटा पर्यटकीय स्तरका होटलमा २३ हजार कोठा थप हुन लागेको जानकारी दिए । उल्लेखित होटलमा ३७ हजार बेड क्षमता विस्तार हुने उनले बताए ।

शनिबार ११ मंसिर २०७३ (Saturday 26 November 2016) राजधानी

# सोल्टीले मनायो ५०औं वार्षिकोत्सव

**काठमाडौं/रास–** सोल्टी होटलले आफ्नो स्थापनाको ५०औं वार्षिकोत्सव मनाएको छ । होटलले शुक्रबार विशेष कार्यक्रम गरी स्थापनाको ५०औं वार्षिकोत्सव मनाएको हो । नेपालमा पर्यटन प्रवर्द्धनका लागि अग्रणी भूमिका निर्वाह गर्न सफल होटलले विशिष्ट पाहुनाहरूका लागि उत्कृष्ट सेवा दिँदै आएको जनाएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै होटलका कार्यकारी अध्यक्ष दिनेशबहादुर विष्टले मुलुकमा पर्यटन व्यवसायको उज्ज्वल र समुन्नत विकासको परिकल्पना गर्दै विशिष्ट पाहुनाको सेवामा समर्पित भएको बताए ।

उनले निजी क्षेत्रसँगको सहकार्यमा स्थापना भएको होटलले स्वदेशमै रोजगारीको अवसर पनि सिर्जना गरेको दाबी गरे । २० मंसिर २०२२ मा १ सयवटा कोठाबाट सेवा सुरु गरेको सोल्टी होटल अहिले पाँचतारे होटलका रूपमा स्थापित भइसकेको छ । विशिष्ट श्रेणीका विदेशी पाहुनाहरूको मुख्य रोजाइमा पर्ने होटल सोल्टीले अन्तर्राष्ट्रियस्तरको हस्पिटालिटी प्रदान गर्दै आएको जनाएको छ ।

# सोल्टीको ५० औं वार्षिकोत्सव

काठमाडौं, मंसिर १० (नागरिक)- होटल तथा पर्यटन क्षेत्रको विकासमा योगदान पुर्‍याउँदै आएको सोल्टी होटलले शुक्रबार ५० औं वार्षिकोत्सव मनाएको छ।

२०२२ मंसिर १० गते सय कोठाबाट सेवा थालेको उक्त होटल उद्घाटन तत्कालीन राजा महेन्द्र शाहले गरेका थिए। सोल्टी पाँचतारे होटलको रूपमा स्थापित छ।

होटलले विशिष्ट पाहुनालाई उत्कृष्ट सेवा र पर्यटन विकासमा योगदान दिँदै आएको जनाएको छ। विशिष्ट श्रेणीका विदेशी पाहुनाको मुख्य रोजाइमा होटल सोल्टी पर्छ।

होटल ५० वर्षमा प्रवेश गरेको उपलक्ष्यमा आयोजित कार्यक्रममा होटलका अध्यक्ष प्रभाकरशमशेर राणाले सुरु दिनमा सञ्चालन गर्न कठिन भए पनि अहोरात्र मेहनत र चुस्त व्यवस्थापनले गर्दा आज अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाउन सफलता मिलेको बताए। उनले देश विकासमा हाइड्रो, कृषि र पर्यटन क्षेत्रले महत्त्वपूर्ण योगदान पुर्‍याए पनि यी क्षेत्रको विकास भने अपेक्षित रूपमा हुन नसकेको उनले सुनाए।

होटल क्षेत्रको विकास र योगदान चर्चा गर्दै उनले सन् २०१८ सम्म मुलुकभित्र चार हजार होटल सञ्चालनमा आउने बताए। 'होटल र पर्यटन क्षेत्रका लागि यो सकारात्मक विषय हो', राणाले भने, 'सरकारले पनि होटल पूर्वाधार निर्माणमा जोड दिनुपर्छ।' उनले असल व्यवस्थापन, बजारीकरण र पूर्वाधार भए होटल सफलतापूर्वक सञ्चालन गर्न सकिने अनुभव सुनाए।

होटलका कार्यकारी अध्यक्ष दिनेशबहादुर बिष्टले मुलुकमा दिगो पर्यटन विकासको परिकल्पना राखेर अघि बढेको सोल्टी विशिष्ट पाहुनाको सेवामा समर्पित भएको जनाए। उनले निजी क्षेत्रसँगको सहकार्यमा स्थापना भएको यस होटलले स्वदेशमै रोजगारीको अवसर पनि सिर्जना गरेको बताए। होटल विकास, प्रवर्द्धन र पूर्वाधार निर्माणमा सबै एकजुट हुनुपर्ने औंल्याउँदै उनले होटल सोल्टी विस्तार हुने क्रममा रहेको जानकारी दिए। 'होटल विस्तार क्रममा सोल्टी छ', बिष्टले भने, 'नेपालगन्जमा आगामी वैशाखसम्म चार तारे होटलका रूपमा यसको शाखा खुल्नेछ। पोखरामा पनि होटल निर्माण तयारीमा छौं।'

होटलका निर्देशक शान्था डे सिल्भाले नेपालमा पर्यटन विकासमा सबै क्षेत्रले जोड दिनुपर्ने औंल्याए। उनले पर्यटन व्यवसाय महत्त्वपूर्ण उद्योगका रूपमा स्थापित हुँदै गएको जानकारी दिए।

कार्यक्रममा होटल एसोसियसन नेपाल (हान) का अध्यक्ष अमरमान शाक्य, ट्राभल एजेन्सिज् अफ नेपालका (टान) का अध्यक्ष चन्द्र रिजाललगायत पर्यटन तथा होटलसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधि उपस्थित थिए। उनीहरूले होटल तथा पर्यटन विकासमा एकीकृत योजना बनाएर अघि बढ्नुपर्ने बताए।

यसै अवसरमा होटल सोल्टीले शनिबार गल्फ प्रतियोगिता आयोजना गर्ने जनाएको छ। गोकर्ण फरेस्ट गल्फ रिसोर्टमा प्रतियोगिता हुनेछ।

शनिबारको कान्तिपुर
kantipur.ekantipur.com
अर्थ वाणिज्य
११ मंसिर, २०७३ (Saturday, November 26, 2016)



# सोल्टीको स्वर्ण जयन्ती

काठमाडौं (कास)- सोल्टी होटल लिमिटेडद्वारा सञ्चालित पाँचतारे होटल सोल्टी क्राउन प्लाजाले शुक्रबार ५० वर्ष पूरा गरेको छ। त्यस अवसरमा सोल्टीमोडमा सञ्चालित पाँचतारे होटलमा स्वर्ण जयन्ती आयोजना गरियो।

समारोहमा मानार्थ अध्यक्ष प्रभाकरशमशेर राणाले होटलले ५० वर्ष पूरा गरेको अंकित गरिएको नयाँ लोगो सार्वजनिक गरेका थिए। सञ्चालक समितिका कार्यकारी अध्यक्ष दिनेश विष्टका अनुसार स्वर्ण जयन्ती समारोहको संयुक्त उद्घाटन होटल संघ नेपालका अध्यक्ष अमरमान शाक्य, टानका अध्यक्ष चन्द्रप्रसाद रिजाल, नाट्टाका उपाध्यक्ष डीके शर्मा, पाटा नेपाल च्याप्टरका अध्यक्ष सुमन पाण्डेले गरेका थिए। कार्यक्रममा इन्टर कन्टिनेन्टल होटल समूहका दक्षिण पश्चिम एसिया प्रमुख शान्त डी सिल्भाले पछिल्लो समयमा बदलिँदै गइरहेको पर्यटन उद्योगबारे बताए।

कार्यक्रममा लिमिटेडका सदस्यहरू रविभक्त श्रेष्ठ, राजेशकाजी श्रेष्ठ, जया शाह, निरञ्जनकुमार टिबेटिवाल, विजयबहादुर श्रेष्ठ, शशिराज पाण्डेलगायतको सहभागिता थियो। कार्यक्रममा सोल्टीको स्वामित्वमा नेपालगन्ज र पोखरामा दुइटा भेन्चर स्थापना गरिने मानार्थ अध्यक्ष राणाले बताए।

उनले संस्थागत संस्कार अवलम्बन गरेकै कारण होटलको विकासमा सकारात्मक प्रभाव परेको बताए। उनले संस्थागत संस्कारका साथै पारदर्शिताले सोल्टी नेपालको अत्यधिक पारदर्शिता भएका उद्योगमध्येमा दरिन सफल भएको सुनाए। 'सञ्चालनको आधा शताब्दी लामो इतिहासपछि अब हामी राजधानीबाहिर पनि बिस्तार हुँदै छौं,' उनले समारोहमा भने।

यो होटल राजा त्रिभुवनका छोरा हिमालय वीरविक्रम शाह र उनकी पत्नी प्रिन्सेप राज्य लक्ष्मी देवी शाहले ०२३ मंसिर १० मा स्थापना गरेका थिए भने राजा महेन्द्रबाट यसको उद्घाटन गरिएको थियो। यो होटलको पछिल्लो बजार मूल्यअनुसार कुल पुँजी २३ अर्ब रुपैयाँ हाराहारी रहेको छ। हाल कम्तीमा ३१ प्रतिशत सेयर सर्वसाधारणलाई बिक्री गरेको सोल्टीमा करिब ४० प्रतिशत सेयर सोल्टी इन्टरप्राइजेज प्रालिको छ।

गोरखापत्र
अर्थ बजार
■ २०७३ साल मङ्सिर ११ गते शनिबार 2016 November 26 Saturday ■


# सोल्टीको नेपालगञ्ज होटल वैशाखदेखि सञ्चालनमा ल्याइने

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर १० गते। सोल्टी क्राउन प्लाजाले नेपालगञ्जमा निर्माण भइरहेको चार तारे वैशाखदेखि सञ्चालनमा ल्याउने भएको छ। ५५ करोडको लगानीमा निर्माणाधीन उक्त होटलमा ८१ वटा कोठा रहने होटलका इमिरेटस् चेयरमेन प्रभाकर शमशेर जबराले बताउनुभयो। सोल्टी क्राउन प्लाजाको ५० औं वार्षिकोत्सवका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा उहाँले नेपालगञ्जबाहेक पोखरामा पनि होटल विस्तारको तयारी रहेको जानकारी दिनुभयो। लामो समयदेखि होटलले 'कर्पोरेट' संस्कृतिलाई पालना गरेकै कारण सफल हुन सकेको उहाँको भनाइ थियो।

कार्यक्रममा राणाले काठमाडौँ, पोखरा र चितवनबाहेक अन्य क्षेत्रमा पनि होटल सञ्चालन गर्नुपर्ने बताउनुभएको थियो। पर्यटन प्रवर्द्धनका लागि होटलको सेवा सुविधा उत्कृष्ट हुनुपर्ने उहाँको भनाइ थियो।

कार्यक्रममा होटल एसोसिएसन अफ नेपाल(हान)का अध्यक्ष अमरमान शाक्यले नेपालको होटल व्यवसायको विकासमा सोल्टी होटलको विशेष भूमिका रहेको भनाइ राख्नुभयो। नेपालमा अझै पनि पर्यटकस्तरका होटल सञ्चालनको आवश्यकता रहेको उहाँले बताउनुभयो। कार्यक्रममा सोल्टी क्राउन प्लाजाका कार्यकारी अध्यक्ष दिनेशबहादुर विष्टले होटलले आगामी दिनमा पनि पर्यटकको सेवा सत्कारमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। विसं २०२३ साल मङ्सिर १० गते सोल्टी होटलको स्थापना भएको हो।